# नेपालको भाषा नीति

***जीवेन्द्र देव गिरी****

**सारांश**

*प्रस्तुत अध्ययनमा नेपाल बहुभाषिक देश हो भन्ने कुरा नेपालका भाषाहरूको पारिवारिक वर्गीकरण सहित तथ्यहरूद्वारा स्पष्ट पार्दै नेपालले अङ्गीकार गरेको भाषिक नीतिमा प्रकाश पारिएको छ । यस क्रममा विगतमा अँगालिएको एक भाषिक नीतिबाट विभिन्न भाषाभाषीमा परेको प्रभावबारे जानकारी दिइएको छ र वर्तमान नेपालमा नेपालका सबै भाषाप्रति समान दृष्टिकोण राखिएको तथा विभिन्न भाषाको संरचनागत एवम् स्तरगत विकासका निम्ति विभिन्न कार्य गरिएको र भविष्यमा त्यसले अरू मूर्त रूप प्राप्त गर्दै जाने निष्कर्ष निकालिएको छ । यस निम्ति सरकारद्वारा उपयुक्त भाषानीति लागू गरिने र जनस्तरको जागरणले त्यसलाई बल पुऱ्याउने अपेक्षा गरिएको छ ।*

**विषयारम्भ**

महाकवि देवकोताले 'के नेपाल सानो छ ?' भन्ने आफ्नो प्रसिद्ध निबन्धमा लेखे, "नेपाल ; सुन्दर शान्त विशाल !" उनले यो मुलुक सानो भए पनि महान् छ भन्ने कुरा पुष्टि गर्दै अरू थपे, "हीरा सानो हुन्छ, मोती सानो हुन्छ, मणि सानो हुन्छ, मिष्टभाषी निर्मल शिशु सानो हुन्छ, आँखाको नानी सानो हुन्छ, मुटुको केन्द्रको सानो झल्का झन् सबैभन्दा सानो हुन्छ ।" (देवकोटा, २०१३ : ७०-७१) । वास्तवमा संसारका अनेक संस्कृति र सभ्यताको केन्द्रका रूपमा नेपाल सुपरिचित छ र भाषिक दृष्टिले पनि विविधतापूर्ण छ । यहाँको बहुसांस्कृतिक परिवेशमा रहेका १०३ भन्दा बढी जाति जनजातिले ९२ भन्दा बढी भाषा बोल्ने कुरा वि.सं. २०५८ को जन गणनाको तथ्याङ्कले सार्वजनिक गरेको छ । त्यसैले नेपाललाई भाषिक सङ्ग्रहालय वा बहुभाषिक फूलबारीको संज्ञा दिने गरिएको छ । (गिरी, २०८३: ३२) । नेपालका यिनै भाषाहरूको वर्तमान अवस्थातिर दृष्टि लगाउँदै यहाँको भाषानीतिबारे यसमा विवेचना गरिएको छ ।

**नेपालका भाषाहरूको वर्तमान अवस्था**

नेपाल बहुभाषिक देश हो र यहाँ पाँच परिवारका विभिन्न भाषाहरू बोलिन्छन् । कुसुन्डा, द्रविडेली, आग्नेसियाली, चिनियाँ-तिब्बती र भारोपेली परिवारका भाषाका रूपमा तिनको पहिचान भइसकेको छ भने कुसुन्डा भाषाको परिवार अझै निश्चित हुन बाँकी छ । कसैले त्यसलाई कुसुन्डा परिवारका रूपमा पनि उल्लेख गरेको पाइन्छ (पोखरेल र राई, २०६५ : १) । वक्ता सङ्ख्याका दृष्टिले सबैभन्दा कम वक्ता भएको परिवार कुसुन्डा भाषासँग सम्बन्धित परिवार हो भने सबैभन्दा बढी वक्ता भएको परिवार भारोपेली हो । भाषिक सङ्ख्याका दृष्टिले सबैभन्दा कम भाषा भएका परिवार कुसुन्डासँग सम्बन्धित परिवार र द्रविडेली परिवार हुन् भने सबैभन्दा बढी भाषा भएको परिवार चिनियाँ - तिब्बती परिवार हो । यी विभिन्न परिवारसँग सम्बन्धित भाषाहरूको परिवार, वक्ता सङ्ख्या र त्यसको प्रतिशत यस प्रकार रहेको छः-

---

* सहप्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, नेपाल

**अनुसूची १** नेपालमा बोलिने भाषाहरू

| परिवार | भाषा | वक्ता सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. अज्ञात | १. कुसुन्डा | ८७ | ०.०० |
| २. द्रविडेली | १. झाँगड वा धाँगड | २८६१५ | ०.१३ |
| ३. आग्नेसियाली | १. सतार वा सन्थाल | ४०२६० | ०.१८ |
| | २. खडिया | १५७५ | ०.०१ |
| ४. भारोपेली | १. नेपाली | ११०५३२५५ | ४८.६१ |
| | २. मैथिली | २७९७५८२ | १२.३० |
| | ३. भोजपुरी | १७१२५३६ | ५.८६ |
| | ४. थारू | १३३१५४६ | ५.८६ |
| | ५. अवधी | ५६०७४४ | २.४७ |
| | ६. बज्जिका | २३७९४७ | १.०५ |
| | ७. उर्दू | १७४८४० | ०.७७ |
| | ८. राजवंशी | १२९८२९ | ०.५७ |
| | ९. हिन्दी | १०५७६५ | ०.४७ |
| | १०. दनुवार | ३१८४९ | ०.१४ |
| | ११. बाङ्ला | २३६०२ | ०.१० |
| | १२. मारवाडी (राजस्थानी) | २२६३७ | ०.१० |
| | १३. माझी | २१८४१ | ०.१० |
| | १४. अङ्गिका | १५८९२ | ०.०७ |
| | १५. दराई | १०२१० | ०.०४ |
| | १६. कुमाल | ६५३३ | ०.०३ |
| | १७. बोटे | २८२३ | ०.०१ |
| | १८. पन्जाबी | ११६५ | ०.०१ |
| | १९. अङ्ग्रेजी | १०३७ | ०.०० |
| | २०. संस्कृत | ८२३ | ०.०० |
| | २१. किसान | ४८९ | ०.०० |
| | २२. चुरौटी | ४०८ | ०.०० |
| | २३. उडिया | १५९ | ०.०० |
| | २४. सिन्धी | ७२ | ०.०० |
| | २५. कोचे | ५४ | ०.०० |

| | | | |
|---|---|---|---|
| | २६. हरियाणवी | ३३ | ०.०० |
| | २७. मगही | ३० | ०.०० |
| | २८. कुर्माली | १३ | ०.०० |
| | २९. आसामी | ३ | ०.०० |
| | ३०. सधानी | २ | ०.०० |
| ५. चिनियाँ-तिब्बती | १. तामाङ | ११७९१४५ | ५.१९ |
| | २. नेवार | ८२५४५८ | ३.६३ |
| | ३. मगर | ७७०११६ | ३.३९ |
| | ४. बान्तवा | ३७१०५६ | १.६३ |
| | ५. गुरुङ | ३३८९२५ | १.४९ |
| | ६. लिम्बू | ३३३६३३ | १.४७ |
| | ७. शेर्पा | १२९७७१ | ०.५७ |
| | ८. चाम्लिङ | ४४०९३ | ०.१९ |
| | ९. चेपाङ | ३६८०७ | ०.१६ |
| | १०. सुनुवार | २६६११ | ०.१२ |
| | ११. थामी | १८९९१ | ०.०८ |
| | १२. कुलुङ | १८६८६ | ०.०८ |
| | १३. धिमाल | १७३०८ | ०.०८ |
| | १४. याक्खा | १४६४८ | ०.०६ |
| | १५. थुलुङ | १४०३४ | ०.०६ |
| | १६. साङपाङ | १०८१० | ०.०५ |
| | १७. भुजेल/खवास | १०७३३ | ०.०५ |
| | १८. खालिङ | ९२८८ | ०.०४ |
| | १९. थकाली | ६४४१ | ०.०३ |
| | २०. छन्त्याल | ५९१२ | ०.०३ |
| | २१. तिब्बती | ५२७७ | ०.०२ |
| | २२. दुमी | ५२७१ | ०.०२ |
| | २३. जिरेल | ४९१९ | ०.०२ |
| | २४. वाम्बुले/उम्बुले | ४४७१ | ०.०२ |
| | २५. पुमा | ४३१० | ०.०२ |
| | २६. ह्योल्मो | ३९८६ | ०.०२ |

| | | |
|---|---|---|
| २७. नाछिरिङ | ३५५३ | ०.०२ |
| २८. दुरा | ३३९७ | ०.०१ |
| २९. मेचे | ३३०१ | ०.०१ |
| ३०. पहरी | २९९५ | ०.०१ |
| ३१. लेप्चा/लाप्चे | २८२६ | ०.०१ |
| ३२. बाहिङ | २७६५ | ०.०१ |
| ३३. कोई/कोयू | २६४१ | ०.०१ |
| ३४. राजी | २४१३ | ०.०१ |
| ३५. हायू | १७४३ | ०.०१ |
| ३६. ब्याँसी | १७३४ | ०.०१ |
| ३७. याम्फू/याम्फे | १७२२ | ०.०१ |
| ३८. घले | १६४९ | ०.०१ |
| ३९. छिलिङ | १३१४ | ०.०१ |
| ४०. लोहोरुङ | १२०७ | ०.०१ |
| ४१. चिनियाँ | ११०१ | ०.०० |
| ४२. मोवाहाङ | ९०४ | ०.०० |
| ४३. काइके | ७९४ | ०.०० |
| ४४. राउटे | ५१८ | ०.०० |
| ४५. बरम/भ्रामू | ३४२ | ०.०० |
| ४६. तिलुङ | ३२० | ०.०० |
| ४७. जेरूङ/जेरोङ | २७१ | ०.०० |
| ४८. दुङमाली | २२१ | ०.०० |
| ४९. लिङखिम | ९७ | ०.०० |
| ५०. साम | २३ | ०.०० |
| ५१. कागते | १० | ०.०० |
| ५२. जोङ्खा | ९ | ०.०० |
| ५३. कुकी | ९ | ०.०० |
| ५४. छिन्ताङ | ८ | ०.०० |
| ५५. मिजो | ८ | ०.०० |
| ५६. नागामी | ६ | ०.०० |
| ५७. ल्होमो | ४ | ०.०० |

राष्ट्रिय जनगणना, २०५८ ले नेपाली साङ्केतिक भाषाका वक्ताहरू ५७४३ अर्थात् ०.०३ प्रतिशत तथा अज्ञात भाषाका वक्ताहरू १६८३४० अर्थात् ०.७४ प्रतिशत

रहेको सूचना पनि प्रवाहित गरेको छ । नेपाली साङ्केतिक भाषा नेपालका बहिराहरूले प्रयोग गर्ने भाषा हो र उपर्युक्त बोली भाषाको पारिवारिक वर्गीकरणमा त्यो समाविष्ट छैन । यसरी नै अज्ञात भाषाभित्र ती तमाम बोली भाषाहरू पर्छन् जुन माथिको सूचीमा पर्दैनन् । अठपरे, बाह्रगाउँले, बेलहारे, डोल्पो, खाम/पाङ, मनङ्बा, मुगाली, सुरेल र नारफू जस्ता भाषाहरूको नाम त्यहाँ उल्लिखित छैन । यस्तै अन्य कतिपय भाषाहरू पनि त्यहाँ छुटेका छन् किनकि जन गणनाले नेपाली साङ्केतिक भाषा सहित ९२ भाषालाई सूचीकृत गरे पनि एथ्नोलोगले १२६ र माइकेल नुननले १४० भाषा नेपालमा रहेको उल्लेख गरेका छन् । (बन्धु २०६५:२६) ।

नेपालका भाषाहरूमध्ये धेरैले अझै लेख्य रूप प्राप्त गर्न बाँकी नै छ । जुन-जुन भाषाले लेख्य रूप प्राप्त गरेका छन् तिनमा पनि देवनागरी लिपिको प्रयोग बढी पाइन्छ । आफ्नो भाषाको निम्ति बेग्लै लिपि प्रयोग गर्ने कतिपय भाषाको वैकल्पिक लिपि पनि देवनागरी नै रहेको छ । देवनागरीका अतिरिक्त अन्य लिपिहरू पनि यहाँका केही भाषाले प्रयोग गरेको पाइन्छ जसको विवरण यस प्रकार छ :-

(१) मैथिली-मिथिलाक्षर/तिरहुता वा कैथी; (२) तिब्बती र शेर्पा-साम्बोटा; (३) भोजपुरी -कैथी; (४) तामाङ-तमहिग; (५) लिम्बू-सिरिजङगा; (६) लेप्चा-रोङ; (७) मगर-अक्खा; (८) पन्जाबी-गुरुमुखी; (९) उर्दू-अरबी; (१०) गुरुङ-खेमा वा रोमन; (११) बङ्गाली-बाङ्ला; (१२) अङ्ग्रेजी-रोमन तथा १२ : सन्थाल वा सतार-ओल चेमेत/ओल चिकी वा ओल ।

नेपाली बोलिने उपर्युक्त भाषाहरूका आ-आफ्ना स्थानीय विशेषता छन् र यहाँको भूगोल एवम् समाजको प्रभावबाट ती विभिन्न भाषिका उपभाषिकामा विभक्त छन् । अग्ला हिमाल, दुर्गम पहाड, घना जङ्गल, विशाल नदीको भौगोलिक विविधता एवम् अनेक जात, धर्म, वर्ग आदिको भिन्नताले गर्दा तिनमा नाना थरीका बान्कीहरू देखापरेका छन् । त्यसैले बहुभाषिकता अनि यहाँको प्रकृति र संस्कृतिबाट परिपोषित एउटै भाषाका पनि अनेक शाखा-प्रशाखाबाट नेपालको विशिष्ट भाषिक स्थिति निर्माण भएको छ । नेपालको भाषानीतिको निर्माणमा यस विशिष्टताको विशेष महत्त्व रहनु स्वाभाविक छ ।

**भाषानीतिको परिचय**

भाषाको संरक्षण, संवर्द्धन, विकास र स्तरीकरणका निम्ति राज्य वा सरकारले अँगाल्ने नीतिलाई नै भाषानीति भनिन्छ । भाषा योजना वा व्यवस्थापनले पनि यही कुरालाई नै सङ्केत गर्दछ । वेन्स्टिन (इ. १९८०: ५६) ले समाजमा सम्प्रेषण समस्याको समाधान गर्ने उद्देश्यले गरिने सरकारी आधिकारिकता प्राप्त, दिगो, भरपर्दो र सचेत प्रयासलाई भाषा योजनाका रूपमा प्रस्तुत गरेका छन् । यस निम्ति स्तरगत र संरचनागत योजनाको आवश्यकता पर्ने कुरा क्लस (इ. १९७१) ले औँल्याएका छन् । होगेन (इ. १९८३) ले यसलाई अझ परिमार्जित रूप दिँदै स्तरगत योजनालाई आन्तरिक विकाससँग गाँसेका छन् । वास्तवमा भाषाको स्तरगत योजनाले कुनै भाषालाई राष्ट्रभाषा, राज्यभाषा आदिको मान्यता दिलाउने कुराका साथै शिक्षा, सञ्चार र प्रशासनमा त्यसको प्रयोगलाई अँगाल्दछ भने संरचनागत योजनाले भाषाको कोडीकाण, व्याकरणीकरण, शब्दीकरण, शब्दावलीको आधुनिकीकरण, शैलीको विकास, प्रकार्यको विस्तार आदिलाई समेट्ने काम गर्दछ । राज्यले लिने नीतिले भाषाको विकासमा असर पर्ने हुँदा सही नीति र योजनाका निम्ति जन दबाब परिरहन्छ । यस्तो कामका निम्ति सही तथ्याङ्कको खाँचो पर्दछ । जनगणनाको तथ्याङ्कले यसमा

केही सघाउ पुऱ्याए पनि भरपर्दो जानकारीका लागि भाषिक सर्वेक्षण नै उपयुक्त उपाय मानिन्छ । कुन भाषाका वक्ता कति छन्, त्यसमा के-के काम भएको छ, त्यसले लेख्य रूप पाएको छ कि छैन आदि कुराको ज्ञान नभई उपयुक्त भाषानीति बन्न सक्दैन । त्यसैले भावमा बगेर होइन, यथार्थमा टेकेर भाषानीति बनाइन्छ र त्यसलाई समाज र राष्ट्रको हित अनुकूल अपेक्षित परिणाम प्राप्त गर्नका लागि लागू गरिन्छ ।

न्यौपाने (२०६४:५) ले राज्य/राष्ट्र भाषाको निर्धारणका सन्दर्भमा भाषिक समीकरण, भाषिक बहुलवाद, स्वभाषीकरण र अन्तर्राष्ट्रियीकरणलाई अँगाल्ने गरिएको कुरा विश्वका विभिन्न मुलुकहरूको उदाहरणसहित प्रस्तुत गरेका छन् । उनले अमेरिकाले आफ्नो मुलुकका अन्य भाषाहरूको बेवास्ता गरी अङ्ग्रेजी लादेको र अन्य भाषाका वक्ताहरूलाई विलयन गराउन अँगालेको नीतिलाई भाषिक समीकरणको संज्ञा दिएका छन् भने स्विट्जर्ल्यान्डले फ्रान्सेली, जर्मनेली, रोमान्सेली र इटालेलीलाई सरकारी माध्यममा प्रयोग गर्नुलाई भाषिक बहुलवादका रूपमा लिएका छन् । यसरी नै चीन र भारतले केन्द्रीय प्रशासनमा खास प्रकारको भाषा र प्रान्त एवम् स्वायत्त इलाकामा अर्कै प्रकारको भाषा चलाउनुलाई पनि भाषिक बहुलवादका रूपमा लिएका छन् । विदेशी भाषाको दासताको विरोध गर्दै आफ्नै देशको भाषालाई अँगाल्ने इजरायल, पेरु, फिलिपिन्स, इन्डोनेसिया, पपुवा न्युगिनी आदिको भाषिक नीतिलाई छाडी अङ्ग्रेजीलाई अँगाल्ने हाइटीको भाषिक नीतिलाई अन्तर्राष्ट्रियीकरणको उदाहरण स्वरूप उनले प्रस्तुत गरेका छन् । सरकारी कामकाजमा बहुल भाषाको प्रयोग गर्ने मुलुकले पनि राष्ट्र भाषाका रूपमा एउटा भाषालाई चयन गरेको उदाहरणका रूपमा उनले सिङ्गापुरको मलय र स्विटजर्ल्यान्डको रोमान्सेलीलाई लिएका छन् ।

राष्ट्र भाषा, राज्य भाषा आदिको प्रश्न भाषाको स्तरगत उन्नयनसँग गाँसिएको छ र भाषिक विवादको विशेष कारण पनि यही बनेको पाइन्छ । यसलाई समाधान गर्ने विविध नमुना संसारका मुलुकहरूमा देखापरेका छन् । आ-आफ्नो देशको विशिष्ट अवस्था अनुसार भाषानीति लागू गरेर भाषिक समस्याको समाधान गरिएको कुरा माथिका उदाहरणबाट प्रस्टिएको छ । यही परिप्रेक्ष्यमा बहुभाषिक नेपालको पनि भाषानीति निर्धारण गर्ने जुक्ति खोजिनु आवश्यक हुन जान्छ ।

**नेपालको भाषानीति**

नेपालका भाषाहरूको सन्दर्भमा राज्यले वि.सं. २०४७ को संविधान अगि खासै दृष्टि पुऱ्याउन सकेको पाइँदैन । वि.सं. २००४ को नेपाल सरकारको वैधानिक कानुनको धारा ४४ मा व्यवस्थापिका सभामा कुनै कुरा, कहानी, छलफल इत्यादि राष्ट्रभाषा नेपालीमा हुने कुरा उल्लिखित थियो भने नेपाल अधिराज्यको संविधान २०१५ र नेपालको संविधान २०१९ मा पनि "देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्र भाषा हुने छ" बाहेक अरू कुरा लेखिएको थिएन । बरु 'एउटै भाषा एउटै भेष' को नारा बेसरी उराल्दै विभिन्न भाषा र भेषका नेपालीहरूको चित्त दुखाउने काम पञ्चायतकालीन नेपालमा निकै भयो । वि.सं. २०४६ को परिवर्तनपछि जारी भएको 'नेपाल अधिराज्यको संविधान, २०४७' ले नेपालका भाषाहरूका सन्र्दभमा केही महत्त्वपूर्ण कुराहरू अगि साऱ्यो । त्यहाँ निम्न लिखित प्रावधान रहेका थिए :

(क) विभिन्न धर्म, जात, सम्प्रदाय र भाषाभाषीहरूका बीच स्वस्थ एवम् सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, लिपि, कला र संस्कृतिको विकासद्वारा देशको सांस्कृतिक विविधता कायमै राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्ने छ ।

(ख) देवनागरी लिपिमा नेपाली नेपालको राष्ट्रभाषा हो । नेपाली भाषा सरकारी कामकाजको भाषा हुने छ ।

(ग) नेपालका विभिन्न भागमा मातृभाषाका रूपमा बोलिने सबै भाषाहरू नेपालका राष्ट्रिय भाषाहरू हुन् ।

(घ) प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउने छ ।

राष्ट्रिय भाषाका रूपमा नेपालका सबै भाषाहरूले संविधानमा मान्यता पाएको यो पहिलो अवसर थियो । विभिन्न भाषाभाषीहरू बीचको सुसम्बन्ध अनि मातृभाषामा शिक्षा जस्ता संविधानमा उल्लिखित कुराहरू सामाजिक सद्भावका दृष्टिले निकै महत्त्वपूर्ण रहे । सांस्कृतिक विविधतामा राष्ट्रिय एकताको भावनालाई पनि यसले आत्मसात् गऱ्यो ।

वि.सं. २०५० मा प्राज्ञ तिलविक्रम नेम्वाङ (वैरागी काइँला) को संयोजकत्वमा गठित राष्ट्रिय भाषानीति तथा सुझाव आयोगले गरेका सिफारिसहरू पनि नेपालको भाषानीतिका सन्दर्भमा उल्लेखनीय छन् । त्यसले नेपालका भाषाहरूको अवस्थाको अध्ययन गर्दै ती भाषाहरूको संरक्षण र विकास, शिक्षा र सञ्चारमा तिनको प्रयोग, त्रि.वि. मा भाषा विज्ञान विभागको स्थापना जस्ता कुरामा गरेका सिफारिसका केही सकारात्मक परिणाम पनि देखा परे । खास गरेर मातृभाषामा शिक्षा र सञ्चारमा विभिन्न भाषाको प्रयोग गर्ने कुरामा सरकारको अग्रसरताबाट भाषिक क्षेत्र लाभान्वित भयो । त्यस आयोगका अन्य कतिपय कुरा लागू हुन नसकेकोमा भने बौद्धिक वर्गले ठाउँ-ठाउँमा चिन्ता जनाउँदै आएको छ ।

त्यसयता आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान, त्रि.वि. को भाषाविज्ञान विभाग र नेपाल प्रज्ञा प्रतिष्ठानबाट नेपालका भाषाहरूको उत्थानमा केही काम भएका छन् । जनस्तरबाट पनि भाषिक समानताका निम्ति जन जागरण ल्याउने र सरकारलाई घचघच्याउने काममा वृद्धि भएको छ । विभिन्न भाषासँग सम्बन्धित जनस्तरका सङ्गठन र प्रगतिशील लेखक सङ्घले यस निम्ति गरेका कार्यहरू स्मरणीय छन् । सरकारद्वारा गठित शिक्षा आयोग र शिक्षा मन्त्रालयअन्तर्गत भएका मातृभाषामा शिक्षासम्बन्धी कार्यहरू पनि यस सन्दर्भमा स्मरणीय छन् ।

सरकारद्वारा मुलुकका भाषाहरूको उत्थानका निम्ति मातृभाषा परिषद्को गठन हुन नसक्नु, भाषासम्बन्धी प्रज्ञा प्रतिष्ठानबारे चासो नदेखाइनु तथा राष्ट्रभाषा र राष्ट्रिय भाषाहरूबीच विभेद कायम गरिनु जस्ता कुराप्रति विशेष असन्तुष्टि व्यक्त भइरहेको अवस्थामा नेपालको अन्तरिम संविधान, २०६३ प्रकाशमा आयो । त्यसले नेपालको भाषानीतिमा नयाँ आयाम थपेको छ । त्यहाँ नेपालको बहुसांस्कृतिक एवम् बहुभाषिक स्थितिको मर्मलाई अरू गम्भीरताकासाथ आत्मसात् गर्दै निम्नलिखित कुराहरू उल्लिखित छन् :-

(क) बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टि रूपमा राष्ट्र हो ।

(ख) (१) नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् ।

(२) देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुने छ ।

(३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकाय तथा कार्यालयमा मातृभाषा प्रयोग गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन । त्यसरी प्रयोग गरिएको भाषालाई राज्यले सरकारी कामकाजको भाषामा रूपान्तर गरी अभिलेख राख्ने छ ।

(ग) राज्यले नागरिकहरूका बीच धर्म, वर्ण जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन ।

(घ) (१) प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने छ ।

(२) नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा र लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धन गर्ने हक हुने छ ।

बहुभाषिक नेपालको विशेषताप्रति राज्य संवेदनशील हुँदै गएको द्योतन यहाँ उल्लिखित दफाहरूले गरेका छन् । नेपालमा सबै भाषाहरूलाई राष्ट्रभाषाको मान्यता अनि मातृभाषामा शिक्षा पाउने हकले ऐतिहासिक महत्त्व राख्तछन् । बहुभाषिक राष्ट्रका रूपमा नेपाललाई परिभाषित गरिनुले नेपालका भाषाहरूको प्रवर्धनमा विशेष अर्थ राख्दछ ।

माथि उल्लिखित कुराहरूबाट के स्पष्ट भएको छ भने वि.सं. २०४६ को परिवर्तनअगिको नेपालको सरकार राष्ट्रका समग्र भाषाहरूको विकास गर्ने कुरामा सङ्कीर्ण र अनुदार थियो । नेपालको भाषिक बगैँचामा फुलेका सयौँ फूलहरूको जगेर्ना गर्ने कुरामा रुचि लिने त कुरै छाडौँ, तिनको विनाशमा आफ्नो एक भाषिक नीति फस्टाउने दुःस्वप्नमा त्यो रमाउँथ्यो । 'मुखमा राम राम बगलीमा छुरा' का छाँटले त्यो नेपालका अरू भाषाप्रति गोहीको आँसु चुहाउँथ्यो । यस अतिका विरुद्ध मुलुकको सचेत वर्ग जाइ लाग्नु स्वाभाविक थियो । वर्तमान सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा राष्ट्रका सबै भाषाहरूको संरक्षण र उन्नयनमा कुनै भेदभावविना नीति निर्माण हुने अपेक्षा आम जन समुदायको छ । यहीँनेर अर्को अतिले टाउको उठाउन थालेको स्थिति पनि देखा पर्न थालेको छ । त्यसप्रतिको सचेतता पनि उत्तिकै आवश्यक छ । नेपाली भाषाको राष्ट्रिय अन्तर्राष्ट्रिय विस्तार तथा मुलुकका विभिन्न जातजातिका व्यक्तिहरूको मातृभाषा नेपालीको ख्याल नगरी खस भाषाका रूपमा यसलाई एक जातिसँग मात्र गाँस्न चाहने र यसप्रति प्रहार गर्ने प्रवृत्ति नै अर्को अतिका रूपमा उदय भएको पाइन्छ । राष्ट्रको शिक्षा, सञ्चार, प्रशासन, वाणिज्य, विज्ञान, साहित्य, कानुन, प्रविधि आदि विभिन्न क्षेत्रको खनखाँचो टार्ने भाषाका रूपमा नेपालीको विकास हुन सकेन भने कुनै विदेशी भाषाप्रति आसे दृष्टि लगाइ रहनु पर्ने स्थितिमा झन्-झन् वृद्धि हुने कुराप्रति आँखा चिम्लिने प्रवृत्ति हानिकारक छ । त्यसैले एक सन्तुलित र

उपयुक्त भाषानीतिका आधारमा नेपालका भाषाहरूको विकास होओस्; यिनका वक्ताहरूबीच वैरभाव होइन, सद्भावपूर्ण सहकार्य हुन सकोस् भन्ने सचेत जनसमुदायको विचार छ । न्यौपाने (२०६४?) ले नेपालका सबै राष्ट्र भाषाहरूलाई नेपालेली भाषाका रूपमा हेर्न चाहनुमा पनि यही सदाशय अन्तर्निहित हुन सक्छ ।

**नेपालमा अपेक्षित भाषानीति**

नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसकेको छ र यही नेपाल हो जहाँ कुनै भाषाप्रति उपेक्षित दृष्टि लगाइने छैन भन्ने आमजनसमुदायको अपेक्षा रहेको छ । नेपालको हरेक भाषा यहाँको बहुमूल्य सम्पत्ति हो र कुनै भाषा लोप हुनु वा मर्नु भनेको ठूलो क्षति हो भन्ने मान्यताबाट यो निर्देशित हुने सबैको विश्वास छ । यति हुदाँहुँदै पनि के यथार्थ घाम जत्तिकै छर्लङ्ग छ भने यहाँका सबै भाषाको स्थिति र स्तर एकै प्रकारको छैन । यहाँका कुनै भाषामा अनुसन्धान तहका कामहरू भइरहेका छन् र स्नातकोत्तर तहका कक्षाहरू सञ्चालित छन् भने कुनैमा लेखनपरम्परा नै प्रारम्भ भएको छैन, कुनैका वक्ता औँलामा गन्न सकिने सङ्ख्यामा छन् भने कुनैका हजारौँ र लाखौँ । कुनैमा वाङ्मयको व्यापक विकास पाइन्छ भने कुनैमा सामान्य रचनाको पनि अभाव छ । यस स्थितिलाई हृदयङ्गम गरी नेपालका सम्पूर्ण भाषाहरूको सर्वेक्षण गरी यथार्थ अवस्था पत्ता लगाई भाषिक संरक्षण र विकासको नीति राज्यले अपनाउनु पर्दछ । अझ यहाँ बोलिने कतिपय भाषा त अरू देशका राष्ट्रभाषा वा सरकारी कामकाजका भाषाका रूपमा उतैतिर विकासका माथिल्ला खुड्किलामा पुगिसकेकाले यहाँ तिनका विकासका लागि खासै प्रयास आवश्यक छैन । बरु वक्ता सङ्ख्या अत्यन्त सीमित रहेका र मरणासन्न अवस्थामा पुगिसकेका भाषाबारे शीघ्रातिशीघ्र के गर्ने भन्नेबारे सोच्न र काम गर्न अबेर गरिनु हुँदैन । पोखरेल र राई (२०६५ : ५) ले एउटै मझेरीमा कुसुन्डा भाषा बोल्न पाउने रोल्पा टुनीबोटकी पुनी ठकुरी र उनकी छोरी कमला खत्री मात्र छिन् अनि दुरा भाषा बोल्न जान्ने लमजुङ दुरा डाँडाकी बयासी वर्षकी एक्ली सोममाया मात्र छिन् भनी दिएको सूचना पढ्दा हाम्रो मन सिरिङ्ङ हुनु स्वाभाविक छ । नुनन (२००५) ले नेपालमा भाषिक अभिलेखीकरण र भाषिक सङ्कटापन्न अवस्थाबारे महत्त्वपूर्ण विवेचना गरेका छन् । उनका अनुसार नेपालका भाषाहरूको स्थिति यस प्रकार छ :

(क) सुरक्षित भाषा-१८, (ख) सुरक्षित सरह भाषा-१५, (ग) सम्भाव्य सङ्कटापन्न भाषा-८, (घ) सङ्कटापन्न भाषा-२२, (ङ) चिन्ताजनक सङ्कटापन्न भाषा-१२, ( च) मरणासन्न भाषा-७ र (छ) मृत भाषा ? -११ ।

यादव (इ. २००४ : १३७-१७२) ले पनि यही कुरालाई आधार मानी ती भाषाहरूको सङ्कटापन्न अवस्थालाई यसरी चित्रित गरेका छन् :-

**१८ सुरक्षित भाषा** : नेपाली, मैथिली, भोजपुरी, तामाङ, थारू, नेवार, मगर, अवधी, बान्तवा, गुरुङ, लिम्बू, बज्जिका, राजवंशी, तिब्बती, खालिङ, खाम, शेर्पा र नेपाली साङ्केतिक भाषा ।

**१५ सुरक्षित सरहका भाषा** : चाम्लिङ, सन्थाली, चेपाङ, दनुवार, झाँगड, कुलुङ, धिमाल, याक्खा, थुलुङ, साङपाङ, दराई, डोल्पो र अङ्गिका ।

**८ सम्भाव्य सङ्कटापन्न भाषा :** कुमाल, थकाली, छन्त्याल, दुमी, जिरेल, अठपरे, मुगाली र बेलहारे ।

२२ **सङ्कटापन्न भाषा** : उम्बुले, पुमा, ह्योल्मो, नाछिरिङ, दुरा, मेचे, पहरी, लेप्चा, बोटे, बाहिङ, कोयू, राजी, हायू, ब्याङ्सी, याम्फू, घले, खडिया, लिलिङ, लोहरुङ, सुनुवार, माझी र भुजेल ।

१२ **चिन्ताजनक अवस्थाका सङ्टापन्न भाषा** : मेवाहाङ, काइके, राउटे, किसान, चुरेटी, बराम, तिलुङ, जेरुङ, दुङमाली, बारगाँउले, नार्फू र मनाङवा ।

७ **मरणासन्न भाषा :** लिङखिम, कुसुन्डा, कोचे, साम, कागते, छिन्ताङ र ल्होमी ।

**? मृत भाषा** : बाइबन्सी, चोन्खा, लोङ्गावा, मुगाली, समव्या, पोङयोङ, बुङला, चुक्वा, हेदाङपा, बालिङ, खामदुङ आदि ।

उपयुर्क्त स्थितिलाई दृष्टिगत गरी नेपालका भाषाहरूलाई मृत्यु हुनबाट जोगाउन, तिनलाई लेखन परम्परामा उतार्न, तिनको वाङ्मयको विकास गर्न, तिनका प्रकार्य बढाउन र तिनलाई समाज र राष्ट्रमा यथोचित स्थान दिलाउन राज्यले भाषानीति निर्माण गर्न आवश्यक छ । त्यस निम्ति विभिन्न भाषाहरूको संरचनागत र स्तरगत विकासको योजना तर्जुमा गरी कार्यान्वयन गरिनु पर्दछ । अहिले सरकारी स्तरमा भाषा प्रतिष्ठान वा परिषद् जस्तो कुनै संस्था छैन । त्यसैले भाषासम्बन्धी ज्ञानको अभाव भएका गणकहरूको संलग्नतामा सङ्कलित तथ्याङ्कमा आधारित भएर प्राज्ञिक जगत्ले मुलुकको भाषानीति सम्बन्धमा आफ्ना अभिमत अगि सारिरहेको वा हचुवा किसिमले राजनैतिक क्षेत्रबाट भाषानीतिबारे आफ्ना धारणा सार्वजनिक गरिरहेको स्थिति छ । यसै कारण एक जना विद्वान्ले दुरा भाषा बोल्ने एक जना मात्र वक्ता रहेकाले त्यसले महासङ्कट बेहोरिरहेको सूचना दिएको र अर्काले त्यसलाई त्यति ठूलो सङ्कट नपरेको सूचना दिन पुगेको कुरा माथिकै सूचनाबाट थाहा भइसकेको छ । यसैले सरकारले वैज्ञानिक भाषा सर्वेक्षणको कामलाई जति सक्यो छिटो सम्पन्न गर्नुपर्दछ । अहिले भाषा विज्ञान केन्द्रीय विभागले त्यस काममा अग्रसरता लिई काम गरिरहेको छ । त्यसलाई सफल तुल्याउन विशेष प्रयास अपेक्षित छ । भविष्यमा भाषा प्रज्ञा प्रतिष्ठानको गठन गरी देशको भाषिक स्थितिबारे सदा जानकारी राख्ने र मुलुकको भाषानीतिबारे महत्त्वपूर्ण भूमिका पूरा भइरहने स्थिति सिर्जना गरिनु पर्दछ । यो कार्य नहुँदासम्म नेपाल प्रज्ञा-प्रतिष्ठानको भाषा विभागलाई सुदृढ तुल्याई त्रि.वि. को भाषा विज्ञान विभाग, आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान तथा विभिन्न भाषाको अध्ययन अध्यापन हुने विश्वविद्यालयहरू बीचको संयुक्त शक्ति त्यस निम्ति प्रयोग गर्ने व्यवस्था गरिनु पर्दछ ।

हरेक भाषाको मानक भाषिकाको चयन, लेख्य रूपमा नआएको भाषाको लेखन पद्धतिको विकास, हिज्जेमा स्थिरता र एकरूपताको प्रयत्न, शब्दभण्डारको वृद्धि, मानक शब्दकोशको निर्माण, शैक्षणिक र सन्दर्भ व्याकरणको निर्माण, सूचना प्रविधिका क्षेत्रमा पहुँच आदिद्वारा नेपालका प्राकृतिक भाषाहरूको संरचनागत विकास गर्न भाषिक क्षेत्रका विज्ञहरूद्वारा निष्कर्ष निकालिएको छ । यसरी नै बहिराहरूका निम्ति प्रयोगमा ल्याइएको नेपाली साङ्केतिक भाषालाई शिक्षा र सञ्चारमा प्रभावकारी तुल्याउन तथा बहिराहरूको द्वैभाषिकता र बहुभाषिकताको स्थितिलाई ख्याल गरेर पनि सो भाषाको विकास गर्न आवश्यक छ । संरचनागत योजना (Corpus Planning) का लागि राज्यले आफ्ना तर्फबाट विशेष प्रयत्न गर्नुपर्छ र विभिन्न सघं संस्था एवम् सचेत वर्गले सम्बन्धित समुदायलाई त्यस निम्ति उत्प्रेरित र सक्रिय हुन सघाउ पुर्‍याउनु पर्दछ ।

स्तरगत योजन (Status Planning) बारे बढी वादविवाद र बहस हुँदै आएको छ र त्यसलाई जारी राख्दै यथार्थताका आधारमा नीति निर्माण गरिनुपर्छ । देशमा बोलिने सबै भाषामा शिक्षा, सञ्चार, कानुन र प्रशासनको काम हुन सक्दैन । ती क्षेत्रको प्रकार्य सम्पन्न गर्न सक्ने अवस्थामा विकसित भाषाले मात्र सो कार्य गर्न सक्छन् । अतः मातृभाषामा शिक्षाका निम्ति आवश्यक सामग्री र जनशक्ति तयार गर्ने काममा जोड दिइनु पर्छ । तामाङ योन्जन (२०६३ : ५४) ले नेपालमा हाल शिक्षामा नेपालीका अतिरिक्त अन्य मातृभाषाहरूको प्रयोग यस प्रकार भएको सूचना दिएका छन् :-

**प्राथमिक तहमा पाठ्यपुस्तक र पठनपाठन भएका भाषा** : मैथिली, भोजपुरी, अवधी, नेवार, मगर, बान्तवा, गुरुङ, लिम्बू, शेर्पा, चाम्लिङ, कुलुङ, खाम (पाङ) मगर र तिब्बती ।

**माध्यमिक तहमा पाठ्यपुस्तक र पठनपाठन भएका भाषा** : मैथिली, भोजपुरी, अवधी, नेवार, तिब्बती ।

**त्रि.वि. अन्तर्गत उच्च शिक्षा (प्रमाणपत्र तह) मा प्रवेश गरेका र गर्न लागेका भाषा** : मैथिली, भोजपुरी, अवधी, तामाङ, नेवार, लिम्बू र तिब्बती ।

**अनौपचारिक शिक्षामा पठनपाठन भएका भाषा** : मैथिली, भोजपुरी, अवधी, थारू, तामाङ, नेवार, मगर, लिम्बू ।

उपर्युक्त सूचीमा भाषाहरू थपिँदै जाने क्रम बढ्नका लागि विभिन्न भाषाहरूको संरचनागत विकास हुन आवश्यक छ । अहिले स्नातकोत्तर तहमा पढाइ हुने गरेका भाषाहरू पनि छन् । नेपाली, नेवार, मैथिली, संस्कृत, अङ्ग्रेजी र हिन्दी भाषामा नेपालभित्र स्नातकोत्तर तहका कार्यक्रम सञ्चालित हुँदै आएका छन् । उच्च शिक्षामा भाषालाई पुऱ्याउन शब्दकोश, व्याकरण र साहित्यका विभिन्न विधासँग सम्बन्धित पुस्तक एवम् पत्रपत्रिकाहरूको विकास आवश्यक छ भन्ने कुरा सबैले हेक्का राख्नु पर्दछ । अऋ विद्यावारिधि (पीएच.डी.) र महाविद्यावारिधि (डी.लिट.) जस्ता कार्यक्रमका निम्ति त ऋन् सशक्त वाङ्मयको खाँचो पर्ने नै भयो । नेपालका उपर्युक्त स्नातकोत्तर तहका पठनपाठन हुने विषयमा विद्यावारिधि तहका कामहरू पनि भएका छन् ।

स्तरगत विकाससँग सञ्चार क्षेत्र पनि गाँसिएको हुन्छ । नेपाली लगायत मैथिली, भोजपुरी, अवधी, थारू, तामाङ, नेवार, मगर, बान्तवा, गुरुङ, शेर्पा, कुलुङ र खाम मगर भाषामा रेडियो तथा एफ.एम. प्रसारण भएको सुन्न सकिने अवस्था वर्तमान नेपालमा विद्यमान छ । (योन्जन २०६३: ५४) । यीमध्ये धेरै भाषामा गीति क्यासेट, चलचित्र र पत्रपत्रिका पनि उत्पादन भएका छन् । नेपाली भाषाले अहिले अन्तर्राष्ट्रिय रूप लिइसकेको छ र विश्वका अन्य मुलुकका रेडियोहरूबाट पनि यसमा प्रसारण भएको पाइन्छ । यसरी नै टेलिभिजनमा पनि नेपालका विभिन्न भाषाका सामग्रीहरू देखा पर्न थालेका छन् । यस क्रमलाई पनि वृद्धि गर्दै लैजाने नीति राज्यले अँगाल्नु पर्दछ ।

प्रशासन वा सरकारी कामकाजमा भाषाको प्रयोगलाई लिएर पनि व्यापक वाद विवाद हुँदै आएको छ । विगतमा जनकपुर नगर पालिका र काठमाडौँ महानगर पालिकामा क्रमश : मैथिली र नेवार भाषाको प्रयोग गरिँदा अदालतबाट तत्कालीन संविधान र कानुन अनुसार प्रतिषेध गरियो भनी निकै विवाद र आन्दोलन भए । वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ ले भने त्यस रूपमा स्थानीय निकाय तथा

कार्यालयमा मातृभाषाको प्रयोग गर्न पाउने र सरकारी कामकाजको भाषामा रूपान्तर गरी अभिलेख राख्नु पर्ने प्रावधान राखेको छ । भविष्यमा पनि यसले निरन्तरता पाउनु उपयुक्त हुनेछ ।

सङ्घीय र प्रादेशिक तहमा भाषाको प्रयोगबारे पनि भाषिक क्षेत्रमा भएका छलफलहरूबाट निचोडहरू सार्वजनिक भएका छन् । "राज्य पुनःसंरचनाको सन्दर्भमा नेपालको वर्तमान भाषिक स्थिति र समावेशी नीति" शीर्षकमा काठमाडौँमा २०६५ माघमा भएको सेमिनारको प्रतिवेदनमा प्रस्तुत तलका बुँदाहरू यस सन्दर्भमा ध्यान दिन लायक छन् :

(क) नेपालमा सर्वाधिक प्रचलनमा रहेको नेपाली भाषा सम्पर्क भाषाको रूपमा भएको हुनाले सङ्घीय तहमा सरकारी कामकाजको भाषा नेपाली भाषा हुने देखिन्छ तर अन्य सम्पर्क भाषाहरूको सम्भावनाको अध्ययन गर्नुपर्ने खाँचो देखिन्छ ।

(ख) भाषिक प्रदेशहरूमा सङ्घीय स्वरूपअनुसार स्थानीय प्रशासनलाई बढी प्रभावकारी र जनमुखी तुल्याउन सङ्घीय तहमा सरकारी कामकाजको भाषाको मान्यता पाएको भाषाको साथसाथै प्रादेशिक सरकारले सरकारी कामकाजको भाषाको रूपमा मान्यता दिएका अन्य स्थानीय भाषालाई समेत प्रयोग गरी बहुभाषिक भाषानीति अपनाउने ।

उपर्युक्त निचोडहरू तार्किक छन् र बहुभाषिक नेपालको भाषिक समस्याको मर्मसँग गाँसिएका छन् । जन जीवनलाई भाषिक समस्याले सङ्कटग्रस्त नतुल्याउने र नेपालको बृहत् हित हुने दृष्टिले ती ग्राह्य देखिन्छन् । सङ्घीय संरचना बनेपछि सङ्घीयता क्षेत्रभित्रको संरचनात्मक योजनामा आधारित भई शिक्षा, प्रशासन, कानुन, सञ्चार आदि प्रयोग क्षेत्रमध्ये कहाँ-कहाँ कुन कुनको कुन रूपमा प्रयोग गर्न सकिन्छ भन्ने कुरा त्यहाँको अभिमत समेतलाई ख्याल गरी त्यस समयमा तयार गर्न सकिन्छ । एउटै जाति र भाषा भएका प्रदेश, जिल्ला र गाउँमा उपर्युक्त विभिन्न क्षेत्रको प्रकार्यका निम्ति त्यहाँ प्रचलित भाषाको प्रयोग गर्न सकिन्छ । मातृभाषामा प्राथमिक शिक्षा दिने नीति राज्यले अँगाल्नु पर्दछ । भाषाका सन्दर्भमा केन्द्र, सङ्घ र स्थानीय निकाय सबैको दायित्व परिभाषित गरिनु पर्छ । सङ्कटापन्न र मरणासन्न अवस्थामा पुगेका भाषाहरू र अति अल्प सङ्ख्यकले बोल्ने भाषाहरूमा केन्द्र र सङ्घको दायित्व किटानी गरी तिनको संरक्षण र विकासको अभिभारा वहन गर्ने व्यवस्था हुनुपर्छ । सबल रूपमा रहेका भाषाहरूमा समुदायले विशेष जिम्मेवारी वहन गर्नुपर्छ र राज्यको त्यसमा सहयोगी भूमिका रहनुपर्छ । वास्तवमा राज्य र समुदायले कुन-कुन भाषाको सन्दर्भमा कसरी उन्नायक, सहयोगी, साझेदारी र प्रोत्साहनमूलक भूमिका पूरा गर्ने भन्ने स्पष्ट धारणाका साथ भाषानीति बनाइनु पर्दछ ।

**निष्कर्ष**

नेपालको बहुभाषिक अवस्था यस मुलुकको एक विशिष्ट परिचायक हो । जसरी यहाँको रमणीय प्रकृतिप्रति विश्व लोभिँदै आएको छ त्यसरी नै यहाँका भाषाहरूको मोहले पनि यसप्रति विश्व आकर्षित भएको पाइन्छ । यी भाषाहरूको समुचित भाषानीतिद्वारा सही व्यवस्थापन हुनसक्यो भने मुलुक र संसारले यिनबाट पाउने अमूल्य निधि यिनमा सञ्चित छ । सही भाषानीतिबाट नै राष्ट्रिय एकता सुदृढ हुने छ र परस्परको सद्भावमा

विभिन्न भाषाहरू एक अर्काबाट लाभान्वित हुँदै भाषिक क्षेत्रका हाँकहरूको सामना गर्न सक्षम हुने छन् । भाषाका सन्दर्भमा सङ्घ समन्वयकारी भूमिकामा रहनु पर्छ । भावी समृद्ध नेपालको निर्माणमा भाषिक क्षेत्रको महत्त्वलाई राज्य र जनस्तर दुवैबाट गम्भीरतापूर्वक आत्मसात् गर्न आवश्यक छ ।

**सन्दर्भ कृतिसूची**

अधिकारी, हेमाङ्ग राज. २०६२. *सामाजिक र प्रायोगिक भाषा विज्ञान.* रत्न पुस्तक भण्डार, काठमाडौं ।

गिरी, जीवेन्द्र देव. २०६१. बहुभाषिक फूलबारीका रूपमा नेपाल. *पृथ्वी जयन्ती-२०६१ स्मारिका.* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, पृ. ३२-३६ ।

----------. २०६३. *भाषाविज्ञान, भाषा र भाषिका,* एकता बुक्स, काठमाडौं ।

घिमिरे, बासुदेव. २०६५. *समाज भाषा विज्ञान.* वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र, काठमाडौं ।

ठाकुर, गोपाल. २०६६. भावी संविधानमा भाषाको स्थान : एक अवधारणा पत्र (भाषा तथा लोक साहित्य मञ्च, नेपालको अन्तर्क्रियामा प्रस्तुत एक अप्रकाशित आलेख) ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल. २०६०. *प्रायोगिक भाषा विज्ञान.* एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, काठमाडौं ।

तामाङ योन्जन, अमृत. २०६३. *नेपालका भाषाहरूको पहिचान, वर्तमान स्थिति र भाषा विकास योजना,* आदिवासी भाषा विज्ञान समाज, काठमाडौं ।

देवकोटा, लक्ष्मीप्रसाद. २०१३. के नेपाल सानो छ ?, *लक्ष्मी निबन्ध सङ्ग्रह,* दो.सं. नेपाली भाषा प्रकाशिनी समिति, काठमाडौं ।

नुनन, माइकेल/Noonnan, Micheal. 2005. *Language Documentation and Language Endangerment in Nepal.* a paper presented at University of Iceland.

नेपाल र एसियाली अनुसन्धान केन्द्र तथा सामाजिक समावेशीकरण अनुसन्धान कोष. २०६५. *राज्य पुनः संरचनाको सन्दर्भमा नेपालको वर्तमान भाषिक स्थिति र समावेशी भाषानीति.* सेमिनार प्रतिवेदन, काठमाडौं ।

नेपाल सरकार. २०६४. *नेपालको अन्तरिम संविधान, २०६३.* कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानुन किताब व्यवस्था समिति, काठमाडौं ।

नेसनल ल्याङ्ग्वेजेज पोलिसी रिकोमेन्डेसन कमिसन/National Languages Policy Recommendation Commission. 1994. *The Report of National Languages Policy Recommendation Commission.* Cental Department of Linguistics, T.U., Kathmandu.

न्यौपाने, टङ्कप्रसाद. २०६४. नेपालको भाषानीति र भाषिक समावेशीकरण ('भाषाका कुरा' कार्यक्रममा प्रस्तुत अप्रकाशित अवधारणा पत्र) ।

पोखरेल, माधवप्रसाद र नोवल किशोर राई. २०६५. नेपालको वर्तमान भाषिक स्थिति. *राज्य पुनः संरचनाको सन्दर्भमा नेपालको वर्तमान भाषिक स्थिति र समावेशी भाषानीति.* नेपाल र एसियाली अनुसन्धान केन्द्र तथा सामाजिक समावेशीकरण अनुसन्धान कोष, काठमाडौँ ।

Phillipson, Robert. 1992. *Linguistic Imperialisn.* Oxford University Press, U.K.

बन्धु चूडामणि. २०५०. नेपालका सन्दर्भमा भाषा योजना. (राष्ट्रिय भाषानीति तथा सुधार सुझाव आयोगद्वारा आयोजित राष्ट्रिय सम्मेलनमा प्रस्तुत गोष्ठी पत्र) ।

---------. २०६५. 'नेपालको वर्तमान भाषिक स्थिति'. *राज्य पुनः संरचनाको सन्दर्भमा नेपालको वर्तमान भाषिक स्थिति र समावेशी भाषानीति.* नेपाल र एसियाली अनुसन्धान केन्द्र तथा सामाजिक समावेशीकरण अनुसन्धान कोष, काठमाडौँ ।

यादव, योगेन्द्र. २०५६. समकालीन नेपालमा देखा परेका भाषिक मुद्दाहरू तथा समावेशी भाषानीति. *राज्य पुनः संरचनाको सन्दर्भमा नेपालको वर्तमान भाषिक स्थिति र समावेशी भाषानीति.* नेपाल र एसियाली अनुसन्धान केन्द्र तथा सामाजिक समावेशीकरण अनुसन्धान कोष, काठमाडौँ ।

---------/Yadav Yogendra. 2004. Pattern of Language Endangerment in Nepal in *Population Monograph of Nepal* 1:137-172.

वार्धफ, रोनाल्ड/Wardhaugh, Ronald. 1998. An Introduction to Sociolinguistics. third ed., Balckwell Publishers, U.K.